सभाध्यक्ष अध्यक्ष एवं सदस्य महानुभावहरू,

१. नेपालको संविधानले संस्थागत गरेको संघीय प्रणाली अन्तर्गत स्थानीय सरकारको रूपमा मायादेवी गाउंपालिकाको आ.ब.२०७६/०७७ को लागि आय ब्यय विवरण सहितको बजेट यस गरिमा मय सभामा प्रस्तुत गर्न पाउंदा गौरवान्वित भएको छु ।

२. स्थानीय तह सम्म अधिकार पुर्याउने गरी विभिन्न समयमा संघर्ष गर्दै लोकतान्त्रिक गणतन्त्र एवं स्वतन्त्रताको लागि विभिन्न आन्दोलनका क्रममा जीवन आहुति दिनुहुने शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली ब्यक्त गर्दछु ।

३.अबको हाम्रो शत्रु भनेकै भोक, रोग, गरिवी, पछ्यौटेपन अशिक्षा, अन्धविश्वास नै हो । त्यसलाई चिर्दै समुन्नत र समृद्ध मायादेवी गाउंपालिका बनाउन हामी जन निर्वाचित प्रतिनिधिहरू सक्षम हुनेछौ किनकी हामीहरु भाग्यशाली छौ बुद्धको ममतामयी आमाको नामबाट नामाकरण भएको मायादेवी गाउपालिका निवासी हौ ।हामी शान्ति प्रेमी रही

जनताको सेवा गर्ने अवसर पाएका छौ ।अतः एकताका साथ अगाडि बढ्दै खुसी र सुखी मायादेवी निर्माणमा जुट्नु आजको आवश्यक्ता हो ।

४.बार्षिक बजेट मायादेवी गाउंपालिकाले अबलम्वन गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने महत्वपूर्ण औजार हो ।

५.जनचाहाना छिटो र एकैपटक धेरै विकास भैदिओस् भन्ने हुन्छ ।तर साधन,स्रोतको सिमितताले असिमित आवश्यक्ता एकैपटक पुरा गर्न सम्भव हुदैन तसर्थ योजनाहरूको प्राथमिकिकरण गर्दै एकिकृत योजना अनुसरण गरि सबै बर्ग ,क्षेत्र समेट्ने गरी सन्तुलित विकास गर्दै जाने गरी बजेट तर्जुमा गरिएको छ ।

६.वस्ति तथा वडा तहबाट प्राप्त योजनाहरू,निर्वाचित जनिप्रतिनिधिहरूका सुझाब,बुद्धिजीवी समाजसेवीहरूका सुझाब,राजनीतिक दलहरूका सुझाब,संघीय सरकार र प्रदेश सरकारले अबलम्वन गरेका परिलक्ष्य लगायतको आधारमा बजेट तर्जुमा गरिएको छ ।

७. विकासका लागि प्रचुर संभावना भएको यस मायादेवी गाउंपालिकामा विकासको संवाहकको प्रमुख स्रोत उर्वर भूमि र उर्जाशिल नागरिक नै हुन । यहां चुनौतिहरु पनि धेरै छन् । चुनौतिलाइ अवसरमा बदल्दै अगाडि बढेर मात्र लक्ष्यमा पुग्न सकिने हुदा चुनौतिहरुलाइ सामना गर्नु नै हामी सबै जनप्रतिनिधिहरुको कर्तब्य हो ।

मायादेवी गाउपालिकाका चुनौति तथा समस्याहरु

- तिनाउ र दानव नदीको कटान तथा डुवान समस्या ।
- शिक्षा,स्वास्थ्य,पेशा ब्यवसाय तथा बेरोजगारी समस्या ।
- फोहरमैला ब्यवस्थापनको सम्स्या ।
- गुणस्तरीय पूर्वाधार विकास गर्ने समस्या ।
- सार्वजनिक सम्पत्ति संरक्षण गर्ने समस्या ।
- सिमित साधन स्रोतबाट जनताका अपेक्षा तथा आवश्यकता पुरा गर्नु पर्ने ।

## मायादेवी गाउपालिकाका सम्भावना तथा अवसरहरु

- तिनाउ र दानव नदीको तटबन्ध गरी करिडोरको रूपमा विकास गरी आकर्षक बनाउने र यी नदीहरुबाट सिचाइ सुविधा लिइ कृषिलाइ ब्यवसायिकरण र बजारीकरण गरी आयआर्जन बढाउन सकिने ।
- शिक्षा र स्वास्थ्य क्षेत्रको विकास गरी चेतना बृद्धि तथा रोजगारीका अवसर बढाउन सकिने ।
- समाजको सहभागिता र सकृयतामा फोहर मैलाको समुचित व्यवस्थापन गरी पूर्ण सरसफाइ युक्त गाउँपालिका बनाउन सकिने ।
- मापदण्ड बनाइ प्रभावकारी अनुगमन तथा जनताको सार्थक सहभागिताबाट दिगो भरपर्दो र गुणस्तरीय विकास गर्न सकिने ।

- जनप्रतिनिधिहरुको सकृयता र जनताको सार्थक सहभागितामा सार्वजनिक सम्पत्ति संरक्षण गरी सदुपयोग गर्न सकिने ।
- करका दायरा फराकिलो बनाउदै दरलाइ समसामयिक बनाएर आन्तरिक आय बृद्धि गरी क्रमश आत्म निर्भर तर्फ जान सकिने ।
- निर्माणाधिन गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल संचालन संगै उधोग,वाणिज्य तथा पर्यटनको क्षेत्रमा टेवा पुग्ने ।

८. मायादेवी गाउंपालिकाको बजेटमा दीर्घकालिन सोच सहित निम्न उद्देश्यहरू रहेका छन् ।

- दिर्घकालिन सोचः

कृषि, उधोग, व्यापार र पर्यटन क्षेत्रबाट आर्थिक बृध्दि गर्दै विकासका सबै पुर्वाधार निर्माण गरी समृध्द गाउँपालिका निर्माण गर्ने ।

उदेश्यहरू

- ब्यवसायिक कृषि पेशा अबलम्वन गर्दै नागरिकलाइ आत्म निर्भर तर्फ उन्मुख बनाउने ।
- गुणस्तरीय शिक्षामा जोड दिने,स्वास्थ्य सेवालाइ प्रभावकारी बनाउदै लैजाने ।
- भौतिक पूर्वाधार विकासमा प्राथमिकता दिदै गुणस्तीय विकास निर्माणमा जोड दिने । सडक यातायातलाइ प्राथमिकताका आधारमा स्तर उन्नती (पक्की) गरिदै लैजाने ।
- खेलकुदको विकासमा जोड दिने ।
- विपत ब्यवस्थापनलाइ प्रभावकारी बनाउने साथै वातावरण संरक्षण र स्वच्छ खानेपानी ,सरसफाइलाई प्रभावकारी बनाउने ।
- जेष्ठ नागरिक सम्मान साथै लक्षित बर्गको सशक्तिकरणमा जोड दिने ।
- संस्थागत विकास र सुशासन प्रबर्द्धन गर्ने ।
- समाबेशी र सन्तुलित विकास प्रबर्द्धन गर्ने ।

➢ राजस्वका दायराहरू फराकिलो बनाउने ।

९.गुणस्तरीय भौतिक पूर्वाधार नै समृद्धि आधार हुनाले पूर्वाधार विकासका क्षेत्रहरु सडक संजालको विस्तार टोल वस्ती सम्म गर्न बजेटको ब्यवस्था गरिएको छ । गाउंपालिका स्तरीय योजना तथा वडाको वजेट सिलिङ थप गरि ७५ लाख र १ करोड २५ लाख बनाइएको छ । वडा भेलाबाट माग भै आएका योजनालाइ प्राथमिकता दिइएको छ ।

१०.कृषि क्षेत्रको ब्यवसायिकरण गर्दै लैजान कृषि पशुपालन क्षेत्रमा बजेट ब्यवस्थापन गरिएको छ ।

११. शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाइ,सामाजिक समावेशीकरण अन्तरगत लक्षित समुदायको लागि बजेट ब्यवस्थापन गरिएको छ ।

१२.फोहोर व्यवस्थापनको लागि बजेट ब्यवस्थापन गरिएको छ । विपद् ब्यवस्थापन कोषलाइ निरन्तरता दिएको छ ।

बारूण यन्त्र स्थानीय तहहरूको समन्वय र साझेदारीमा ब्यवस्थापन गर्न बजेट ब्यवस्थापन गरिएको छ ।

१३. सुशासन तथा संस्थागत विकास गर्दै लैजान पदाधिकारीहरू तथा सदस्यज्यूहरूलाइ प्रदेश सरकारले तोके अनुसारको सुविधा उपलब्ध गराउन बजेटको ब्यवस्था गरिएको छ । कर्मचारीहरूलाई उच्च मनोवलका साथ उत्पेरित गराई कार्य गराउन सुरु तलबको ३० प्रतिशत प्रोत्साहन भत्ता व्यवस्था गरिएको छ तथा फिल्डमा खटिने सबै खालका प्राविधिक कर्मचारीलाइ फिल्ड भत्ताको व्यवस्था गरिएको छ । गाउँपालिकाको प्रशासनिक भवन निर्माण, वडा कार्यालयको प्रशासनिक भवन निर्माणको लागि बजेट ब्यवस्थापन गरिएको छ ।

१४.सार्वजनिक जग्गा संरक्षण, गर्न बजेट ब्यवस्था गरिएको छ ।

१५. संघीय सरकार प्रदेश सरकार र जिल्ला समन्वय समितिबाट प्राप्त हुने समपुरक अनुदानमा साझेदारी गर्न बजेट ब्यवस्थापन गरिएको छ ।

१६. यस सम्मानित सभामा पेश भइ सभाले पारित गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग पुग्ने गरी बजेट ब्यवस्थापन गरिएको छ ।

१७. यस गाउंपालिकाले चालु आ.ब.मा आम्दानी रू.५२,७६,९६,००० (बाउन्न करोड छअत्तर लाख छ्यानव्वे हजार) मध्ये पुँजीगत खर्च रू. १०,६६,००,०००( दश करोड छेसठी लाख) र चालु खर्च १८,४५,००,००० ( अठार करोड पैचालिस लाख त्रिचालिस हजार) गरी जम्मा रू. २९,११,००,०००( उन्तीस करोड एगार लाख) खर्च भएको छ । कतिपय योजना तथा कार्यक्रमहरु चालु अवस्थामा रहेका र कतिपय भुक्तानीको चरणमा रहेका छन् ।

१८. गाउंपालिकाको आ.ब.२०७६/०७७ को बजेट अनुमानित बजेट रु ५९,९४,४७,००० ( उन्साठी करोड चैरान्बे लाख सटचालीस हजार) रहेको छ ।

१९. गाउंपालिकाको आ.ब.२०७६/०७७ को बजेटको स्रोत देहाय बमोजिम रहेको छ ।

क. संघीय सरकारबाट प्राप्त रू.४२,९२,२४,०००( बयालिस करोड बयानव्वे लाख चौविस हजार)

ख. प्रदेश सरकारबाट प्राप्त रू.२,४२,७३,०००( दुइ करोड बयालिस लाख तिरहतर हजार)

ग. बैंक मौजदात रु.६,६०,००,००० ( छ करोड साठी लाख)

घ आन्तरिक आय रु ४,७६,००,००० (चार करोड छयत्तर लाख)

ङ जिल्ला समन्वय समिति अनुदान रु २,४०,००,००० (दुइ करोड चालीस लाख)

च मालपोत तथा अन्य आय ८३,५०,००० (तिरासी लाख पचास हजार)

गरी जम्मा ५९,९४,४७,००० ( उन्साठी करोड चौरानब्बे लाख सटचालीस हजार) अनुमान गरिएको छ ।

२०. बजेट बाँडफाँड देहायका बिषयगत क्षेत्रहरुमा गरिएको छ ।

(क) आर्थिक विकास (ख) सामाजिक विकास

(ग) पूर्वाधार विकास (घ) विपत ब्यवस्थापन तथा वातावरण संरक्षण (ङ) सुशासन तथा संस्थागत विकास

२१. राजस्वका दायराहरू(क्षेत्रहरू) खोज्दै फराकिलो बनाएर आन्तरिक आम्दानी बढाउदै लैजान पहल गरिने छ ।

२२.योजना र कार्यक्रम तथा आय ब्ययको विस्तृत विवरण विनियोजन विधेयकमा समावेश गरिएको छ ।

२३. राजस्व तथा करका दरहरूको विस्तृत विवरण आर्थिक ऐनमा समाबेश गरिएको छ ।

२४. बजेटमा ब्यवस्था गरिएका योजना तथा कार्यक्रमहरू उद्देश्य अनुरूप कार्यान्वयन गरी खुसी र सुखी मायादेवी बनाउन हाम्रा सम्पूर्ण सभाका सदस्यहरू लाग्नु हुने छ । यसमा राष्ट्र सेवक कर्मचारीहरू सदा झै खटिनु हुने छ भन्ने अपेक्षा सहित आम मायादेवी गाउंपालिका निवासी नागरिकहरु, राजनीतिक दल, बुद्धिजीवी समाज सेवीहरूबाट सहयोगको अपेक्षा राख्दछु ।

२५. अन्त्यमा यस गाउँपालिकाले दिर्घकालिन सोच, उदेश्य, प्राथमिकताका साथ अघि सारेको बार्षिक बजेटको कार्यान्वयनबाट यस गाउँपालिकालाई समृद्ध बनाउन योगदान पुराउने कुरामा विश्वास राख्दै बार्षिक बजेट तर्जुमा गर्न सहयोग पुर्याउनुहुने सम्पुर्ण, सभाका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, राजस्व परामर्श समितका पदाधिकारीहरू, एकिकृत सम्पत्ति कर निर्धारण समितिका पदाधिकारीहरू बुध्दिजिवि, समाजसेवी, शिक्षक, प्राध्यापक, राष्ट्रसेवक कर्मचारीहरू लगायत सबैलाई हार्दिक धन्यवाद दिदै

बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन गरी यस गाउँपालिकालाई **सुखी र समृद्ध मायादेवी** बनाउन सबैको साथ, सहयोग र सहकार्यको आशा र विश्वासका साथ विदा मागदछु ।

२०७६/०३/०९

धन्यवाद, जय मायादेवी ।

प्रवक्ता तथा

कार्यपालिका सदस्य

चोकबहादुर थापा

मायादेवी गाउँपालिका, रूपन्देही